# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।१४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु खेमराज बिष्टसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

- **प्रतिवादी अधिकृत खेमराज बिष्टले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख),(ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा बिगो रु. ४२,००,५३१/२० (अक्षरुपी बयालिस लाख पाच सय एकतिस पैसा बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिम जरिवाना तथा विगो समेत असुल असुल उपर हुन,
- **गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवराज जोशीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर गरेको देखिदा विगो रु. ६,७८,२२०/०० (अक्षरुपी छ लाख अट्हत्तर हजार दुई सय बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना तथा बिगो समेत असुल असुलउपर हुन,
- **गोदावरी नगरपालिकाका इन्जिनियर पुर्ण कुँवरले** भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा विगो रु.४८,७८,७५१/२० (अक्षरुपी अडचालीस लाख अठत्तर हजार सात सय एकाउन पैसा बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना र बिगो समेत असुल उपर हुन,
- **गोदावरी नगरपालिकाका सब-इन्जिनियर नरेन्द्र शाहीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा बिगो रु.२१,२०,३१९/- (अक्षरुपी एकाइस लाख बिस हजार तिन सय उन्नाइस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना र विगो समेत असुलउपर हुन,
- **गोदावरी नगरपालिका सब-ईन्जिनियर भक्तराज जोशीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा विगो रु.२७,५८,४३२/२० (अक्षरुपी सत्ताइस लाख अन्ठावन्न हजार चार सय बत्तिस पैसा बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना र बिगो समेत असुलउपर हुन,
- **प्राबिधिक पूर्वाधार कार्यालयमा तत्कालिन ल्याब टेक्निसियन धन बहादुर बिष्टले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिदा सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुन,
- **जगदम्बा निर्माण सेवाका प्रोप्राइटर प्रतिवादी संतोष जोशीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिदा रू. ४८,७८,७५१/२० बिगो कायम हुने भएता पनि निजले रु.१०,७९,८०६/- गोदावरी नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको देखिंदा सो रकम घटाई हुन बाँकी बिगो रु ३७,९८,९४५/२० देखिंदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिम कैद जरिवाना र उक्त बाँकी विगो समेत असुलउपर हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको निम्न आधारमा मिति २०८०/०९/२२ को फैसलाबाट सफाई दिएको:-

- वेस कोर्स र सब-वेस कोर्सको gradation test बाट निर्माण कार्य स्पेसिफिकेशन बमोजिम gradation envelop भित्र नपरी गुणस्तर नपुगेको भन्ने दाबी सम्बन्धमा विशेषज्ञ रायको आधारमा वादी दाबी नपुग्ने देखियो। निर्माण कार्य सम्पन्न भई नियमित रुपमा सञ्चालनमा रहेको १ वर्षपछि वादीले gradation test गरिएको अवस्था हुँदा Disturbed Sample को परीक्षणबाट सही नतिजा आउन सक्ने देखिएन। निर्माण कार्य सम्पन्न भएपछि gradation test गर्न मिल्ने देखिँदैन भनी विशेषज्ञ रायसमेतबाट वादी दाबी पुष्टि हुन सकेन।
- Standard Specifications For Roads and Bridges को Section ११०१ मा Thickness of Pavement layers नापजाँच गर्दा "The average thickness of any pavement layer measured at five conjugative points at every २०m. in any Sections" भनी उल्लेख भएकोले मोटाई नापजाँच गर्दा प्रत्येक २० मिटरको दूरीमा ५ सम्वद्ध विन्दुबाट नाप गर्नुपर्छ। सोही मापदण्डको Section १२०१ (५) मा "Crusher-run macadam base shall be measured in cubic meter by taking cord Section at intervals of २० meters" भनी उल्लेख गरेको पाइन्छ। यसरी, सडकको Premix Carpet को मोटाई नापजाँच गर्दा हरेक २० मिटरको चेनेज कायम गरी सम्बद्ध विन्दु (Conjugative Point) कायम गरी नापजाँच गरेमा सही आँकडा आउन सक्ने देखिन्छ। वादीले सो मापदण्ड बमोजिम नापजाँच गरेको पुष्टि हुन नसकेकोले वादीको नापजाँच प्रतिवेदन विश्वसनीय प्रमाणको रुपमा ग्रहणयोग्य हुन सकेन।
- निर्माण व्यवसायी रहेका प्रतिवादी सन्तोष जोशीले Premix Carpet को मोटाई नपुगेको हदसम्म रू.१०,७९,८०६। - गोदावरी नगरपालिकाको कार्यालयमा दाखिला गरेको भनी विगो असूलीतर्फ निज प्रतिवादीका हकमा दाबी रकम घटाइएको भन्ने देखिन्छ। मुद्दा दायर हुनु अघि नै विगो असूल उपर भएको अवस्थामा नेपाल सरकारलाई हानि नोक्सानी र प्रतिवादीलाई गैर कानूनी लाभ भएको भन्ने वादी दाबी पुग्न सक्ने देखिएन।
- गोदावरी नगरपालिकाको ठेक्काहरू अन्तर्गत बनेका सडकहरुको पिचको प्रिमिक्स कार्पेटको मोटाई ३ से.मी. हुनुपर्नेमा सो बमोजिम नपुगेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीको स्थलगत निरीक्षण प्रतिवेदन रहेकोमा मुद्दा पर्नु अघि त्रुटी सच्याउने अवधि भित्र नै सो रकम शोधभर्ना गरिएको कुरा आरोप दाबीमा नै स्वीकार गरिएको तथा सडकको नापजाँच गर्दा प्रत्येक २० मिटरको दूरीमा Sampling Chainage राखेको नदेखिंदा Standand Specification for Roads and Bridge Work, २०५८ को विधि (Rquirement) अनुरुप रहेको नदेखिंदा सो स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा मात्र Premix Carpeting को समग्र मोटाई नपुगेको भन्न मिल्ने नदेखिंदा तथा जोडतोड बल (Destrustive force) मार्फत् खाँदिएको (Compacted) बेस र सब- बेस सामग्रीको नमूना झिक्दा नमूना निर्माण अघिको अवस्था ( Origin Position) मा रहने सम्भावना नरहेको र टुटफुट तथा भूईँतहबाट माटो, बालुवा मिसिई (Contamination of Soil from underlying Sub-grade layer) धुलोको मात्रा (Excessive fine particles) अधिक रहने हुँदा सडक निर्माण भई सञ्चालनमा रहेको सडकको सब-बेस र बेस वर्कको Gradation Test गर्दा नतिजा फरक पर्न सक्ने भन्ने विशेषज्ञ रायसमेतका आधारमा सडकको बेस कोर्ष र सब-वेस कोर्सको Gradation Requirement नपुगेको वादी दाबी पुग्न सक्ने नेदेखिएको, सडकको बेस कोर्ष र सब-बेस कोर्षको मोटाई पुगेको र AIVT (Aggregate Impact Value Test) बाट Aggregate Value पुगेको भन्ने वादीले स्वीकार गरिरहेको एवं सडकको भौतिक अवस्था ठीक रहेको कुरा सडक विभागको प्रतिवेदन र वादीकै साक्षीहरुको बकपत्रसमेतबाट पुष्टि भइरहेको तथा Gradation Test मा Fine Particles केही फरक हुँदैमा समग्र निर्माण कार्य गुणस्तरहीन भन्न सकिने अवस्था नरहने भन्ने विशेषज्ञको रायसमेतका आधारमा आरोप दाबीमा उल्लिखित ठेक्का नं.का सडकहरु गुणस्तरहीन रहेको वा वास्तविक कार्यभन्दा बढी देखाई नापी किताब तयार गरी भुक्तानी लिएको पुष्टि हुन सकेको नदेखिएको।

लगायतका आधारमा प्रतिवादीहरूले आरोपीत कसुरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरू लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।१४ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क. गोदावरी नगरपालिका, कैलालीमा मिति २०७८/०५/२७ को स्थलगत निरीक्षण प्रतिवेदन बमोजिम ४ वटा सडकका ठेक्काहरुमा र मिति २०७८/०६/११ को स्थलगत निरीक्षण प्रतिवेदन बमोजिम थप ९ वटा सडकहरुको बारे पेश भएको जम्मा १३ वटा सडकहरुमध्ये जगदम्बा निर्माण सेवा, डडेल्धुराबाट कार्य सम्पादन भएका २ वटा सडकका ठेक्काहरुमा भुक्तानी भएको परिमाण (Quantity) को स्थलगत निरीक्षण गर्न आयोगको टोलीबाट स्थानीय जनप्रतिनिधि, सम्बन्धित निर्माण व्यवसायी, ठेक्का कार्यान्वयन गराउने नगरपालिकाका प्राबिधिकहरुको उपस्थितिमा गुणस्तर परीक्षण नतिजा बाहेक खुद नापजाँचको आधारमा काम तामेल भएको मुचुल्का सहितको प्रतिवेदनबाट देखिने,

ख. विशेषज्ञको परीक्षण प्रतिवेदन रहेको जसमा जगदम्बा निर्माण सेवाबाट सम्पादन भएको सेहरी सडकबाट संकलित सिलबन्दी नमूनाहरु सडक विभागको प्रयोगशालाबाट प्राप्त गुणस्तर परीक्षण नतिजाउपर प्राप्त प्रतिवेदनमा बेस कोर्सको material composition को gradation envelop (Graph of lower-upper limit of various sizes of aggregates) स्पेसिफिकेसनमा Higher Stability & density दिने उद्देश्यका लागि तोकिने र यसले movement of subbase/subgrade material लाई रोक्न सक्ने गरी सेट गरिएको हुन्छ तर विज्ञको रायवमोजिम तोकिएको गुणस्तरको बेस कोर्स र सबबेस कोर्सको निर्माण नदेखिएकोले Composition/gradation of base/subbase material मा फरक भएको अवस्थामा Unstable layer तयार हुने र सडक सतह चाँडै बिग्रिने र Intrusion of subgrade soil ले गर्दा base/subbase को desired property परिवर्तन भई तहगत गुणस्तर समय क्रममा खस्किदै जाने र सवारी साधनको भार सहने क्षमता समाप्त हुँदै जाने हुँदा उक्त सडक खण्डहरुमा तोकिएको अवधि अगावै पुनःनिर्माण गर्नुपर्ने भई नहुनु पर्ने सरकारी रकम हानि नोक्सानी हुने प्रष्ट देखिने भनी बिशेषज्ञको रायबाट देखिदा देखिदै प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको।

ग. एक पटक विशेषज्ञले प्रतिवेदन पेश गरी अदालत समक्ष उपस्थित भई प्रमाण ऐन, २०३१ को दफा ५२ बमोजिम विशेषज्ञले उक्त प्रतिवेदनको व्यहोरा ठिक हो भनी वकपत्र गरी सकेको अवस्थामा एउटै विषयको रायको लागि विशेष अदालतले नयाँ विशेषज्ञ टोली गठन गरी नयाँ गठित विशेषज्ञ टोलीको राय बुझी निज विशेषज्ञ टोलीमा रहेका व्यक्तिहरुको वकपत्र गराएको। एक पटक बिशेषज्ञ बुझी सके पछि फेरी बिशेषज्ञ टोली गठन गर्न सक्ने व्यवस्था प्रमाण ऐन, २०३१ को कानूनी प्रावधानबाट नदेखिएको।एक पटक शुरु विशेषज्ञले अदालतमा वकपत्र गर्दा प्रतिवेदन ठिक छ भनी वकपत्र गरेबाट उक्त प्रतिवेदन प्रमाण ग्राही भै सकेको अवस्थामा अदालतले कानूनको गलत व्याख्या हुने गरी बिशेषज्ञ टोली गठन गरी उक्त टोलीको राय बुझी वकपत्र समेत गराई Lecturer Rojee Pradhananga, PhD ले दिनु भएको प्रतिवेदनलाई नजरअन्दाज गरी प्रमाण ऐन, २०३१ को दफा २०,२३ र दफा ५१ बिपरीत नयाँ गठित बिशेषज्ञ टोलीको राय बुझी वकपत्र समेत गराई प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको।

घ. गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सडक सम्बन्धी १३ वटा सडकको ठेक्काहरु मध्ये जगदम्बा निर्माण सवा , डडेल्धुराले आ.व. २०७६-७७ मा बिभिन्न २ वटा सडकहरु (ठे.नं. ८/०७६-७७ अन्तर्गत दुर संचार जाने वाटो र गुह्येश्वरी सडक र ठे.नं. २०/०७६-७७ अन्तर्गत घण्टेश्वर मन्दिर जाने सडकको निर्माणको बिल भुक्तानीमा भएको उल्लेखित Quantity र स्थलगत निरीक्षण संबन्धित प्रतिनिधिको रोहवरमा तयार भएको मुचुल्का बमोजिम फरक नाप अनुसारको बढी भुक्तान हुन गएको रकम बारे जानकार हुन गई तपसिल बमोजिम रकम असूल गरेको जानकारी दिएको नगरपालिकाको मिति २०७८/०६/२५ को पत्रबाट देखिदा नगरपालिका आफैले निर्माण व्यवसायीवाट असूल उपर गरेको रकमको विवरण समेतबाट प्रतिवादीहरुले गुणस्तरहीन कार्य गरेको पुष्टि भै रहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ङ. गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सबै ठेक्काहरुमा संझौता बमोजिम Special Condition of Contract : GCC 1.1(bb) & 10.1 को लागि Project Manager is Khem Raj Bist ( Chief Administrative Officer) भनी

उल्लेख भएको र निजको जिम्मेवारी General Condition of Contract(GCC): 1.1(bb) : *The Project Manager is the person named in the SCC (or any other competent person appointed by the Employer and notified to the Contractor, to act in replacement of the Project Manager, who is responsible for* **supervising the execution of the Works** *and administrating the Contract)* भनी उल्लेख भएको संझौता कागजातबाट देखिएको। प्रत्येक ठेक्काको लागि निर्माण व्यवसायीलाई दिईएको कार्यदिशमा निर्माण व्यवसायीलाई गुणस्तर, लागत, परिमाणलाई मध्येनजर गर्नुका साथै वातावरणीय पक्षलाई समेत ध्यान दिने गरी निर्धारीत समयावधि भित्र कार्य सम्पन्न गर्न भनी निर्माण व्यवसायीलाई दिएको कार्यदेश पत्रबाट देखिएको हुँदा कार्यदेश बमोजिम कामकारवाही नगरेको तर्फ विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको।

च. विशेष अदालतले विशेषज्ञ राय लिनको लागी Engineering Association बाट सडक निर्माणसँग सम्बन्धित Engineering विषयका एकजना सडक विभागका विज्ञ समेत ३ जना विज्ञहरुको समूहबाट राय लिनु भनी मिति २०८०/०७/२१ मा आदेश गरेबाट सोही बमोजिम नेपाल ईन्जिनियर्स एसोसिएसनबाट मिति २०८०/०८/१० मा राय पेश गरेको देखिएको। अदालतले विशेषज्ञ राय लिनको लागि नेपाल ईन्जिनियरिङ परिषद ऐन २०५५ अनुसार गठित नेपाल ईन्जिनियरिङ परिषदबाट विशेषज्ञ राय लिनु पर्नेमा सो नगरी कुनै निश्चित विचारधारा देखाई निर्वाचनबाट प्रतिनिधित्व गर्ने नेपाल ईन्जिनियर्स एसोसिएसनबाट राय लिई उक्त रायलाई फैसलाको निर्णयाधार बनाई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

छ. SECTION 1100: ROADWORKS OVERALL REQUIREMENTS को 1101 HORIZONTAL ALIGNMENTS, SURFACE LEVELS AND SURFACE REGULARITY OF PAVEMENT COURSES बमोजिम Tolerance उल्लेख भएको देखिएको, उक्त Tolerance को सिमा भित्र पर्ने वा नपर्ने जाँचनको लागि 2) Tolerances ( b ) बमोजिम Width of Pavement The average width of pavement layer measured at five conjugative points at every 200 m in any Section shall be as specified in Table 11.1 र (c ) बमोजिम The average thickness of any pavement layer measured at five conjugative points at every 20 m in any Section shall not be less than the thickness specified nor more than 120% of the thickness specified or directed by the Engineer. अर्थात २००-२०० मिटरमा पाँच वटा चौडाइहरुको औसत चौडाइ चेक गर्नुपर्ने र प्रत्येक २०-२० मिटर मा ५ वटा मोटाइको औसत तोकिएको भन्दा घटी हुनु नहुने र २०% भन्दा बढी पनि नहुनु पर्ने अवस्थामा मात्र स्वीकार्यताको निर्णय गर्नुपर्नेमा सो तर्फ कुनै बिश्लेषण नै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ज. गोदावरी नगरपालिकाले नापी किताबमा उल्लेख गरी भनिएको नापहरुको स्वीकार्यता चेक जाँच गरेको देखिदैन साथै स्पेसिफिकेसनको 1101 को बुँदा नं (4) बमोजिम If the executed work is within the limit of tolerance, but less than the specified on drawing or directed by the Engineer, the payment shall be made for actual quantity executed, if the executed work is more, the payment shall be made for as shown on the drawing or directed by the Engineer समेत भुक्तानी नगरी सम्पूर्ण नापलाई औसतको रुपमा भुक्तान गरेको ले समेत Specification बमोजिम भुक्तानी नभई बढी भुक्तानी भएको देखिएको। **Standard Specifications For Roads and Bridges** को Section 1101 को प्रावधान भनेको सम्पादित कार्य तोकिएको Tolerance/possible Error को सिमा भित्र पर्ने वा नपर्ने र सोको आधारमा थप सुधार गर्नु पर्ने वा अस्वीकार गरी पुन निर्माण गर्नु पर्ने कार्य बुझ्न अपनाउनु पर्ने विधि/प्रकृया मात्र हो | यो प्रकृयाले वास्तविक कार्य सम्पादनको परिमाण यकिन गर्न सम्बन्धित कार्यको भुक्तानी प्रयोजनको लागि तोकिएको विधीवाट नाप लिई सके पनि Section **1100** बमोजिम **Road Works Overall Requirement** गर्नु पर्ने भन्ने **Section 1201 (6) ,1204(4) ,1309(6) 1310 (5)** मा उल्लेख भएकोमा उक्त **Section 1201 (6) ,1204(4) ,1309(6) 1310 (5)** मा रहेको प्रावधानको कुनै विश्लेषणनै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

झ. **Standard Specifications For Roads and Bridges** को Section 1105 मा सबबेस कसरी Laying and Compacting गर्ने भन्ने तरिका वारे व्याख्या गरिएको छ तर फैसलाको ठहर खण्डमा उल्लेखित Section 1201 (5) मा "Crusher-run macadam base shall be measured in cubic meter by taking cord Section at intervals of 20 meters" भनी उल्लेख गरेको तथ्य स्पेसिफिकेसन मापदण्डमा उल्लेख नै नभएको विषय हो र सो व्यवहारमा भए पनि यो निर्माण गर्दा अपनाइएको Laying and Compacting को तरिका मात्र हुन सक्ने भएकोले बिशेष अदालतले लिएको यो आधार खण्डित हुने। अदालतले लिएको आधारमा प्रत्येकको २०-२० मिटरमा नाप लिई मात्र वास्तविक कार्य परिमाण निकाली विगो निर्धारण गर्ने हो भने Specification बमोजिम Full Width मा प्रत्येक २०-२० मिटरमा बाटो कटिङ्ग गरी Cross –Sectional Area निकालेर मात्र

हरेक २० मिटरको आयतन/नाप निकाल्नु पर्ने हुन्छ। यसरी राजमार्ग वा अन्य कुनै सडक उजुरी पर्ने बितकै चेक जाँच कै नाममा पूरै सडक खण्ड ध्वस्त हुन गई राज्यको ठूलो धनराशी नोक्सान हुने र सडक प्रयोगकर्ता समेत गुणस्तरीय सडक सेवा प्रयोगबाट वञ्चित हुन सक्नेमा कुनै द्विविधा हुने देखिदैन। सडक निर्माण तह तह गरी निर्माण गर्नु पर्ने भएकोले प्रत्येक २० -२० मिटरमा Cross –Section लिई नाप्ने कार्य एक पटक मात्र हुने भएर शंझौता तथा स्पेसिफिकेसन को प्रावधान बमोजिम हुनु पर्ने कार्य निर्माण कै चरण देखि सुपरीवेक्षण कार्य गर्ने ले Layer wise or Sectional Acceptance दिदै कार्य गराउनु पर्दछ र तत्काल नै संयुक्त नाप पनि लिई प्रमाणित गरी राख्नु पर्ने हुन्छ। निर्माण व्यवसायीले Quality Assurance Plan बमोजिम गुणस्तर चेक जाँच गरी सके पछि पनि सार्बजनिक निकाय/परामर्शदातालाई Confirmatory Test तथ Tolerance भित्र geometry रहे नरहेको चेक गराउनु पर्ने स्पेसिपफिकेसन तथा संझौताले प्रावधान गरेको हुन्छ। भारत, अमेरिका, बेलायतले प्रयोग गर्ने specification मा समेत निर्माणको क्रममा नाप, जाँचको बिधि र परामर्शदाताले चेक गर्ने विधिवारे उल्लेख गर्दा समेत भ्रष्टाचार मुद्दा अनुसन्धानको लागि पनि निर्माण कै बिधि बमोजिम Confirmation गर्नु पर्ने भनी कही कतै उल्लेख गरेको नदेखिएको हुँदा विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको,

ञ. ठेक्का संझौता बमोजिम निर्माणाधिन स्थल निर्माण व्यवसायीलाई जिम्मा (Possession of Site) लगाएको हुँदा प्रत्येक क्रियाकलापको साक्षी निज नै हुने र निजले वास्तविक कार्यको मात्र भुक्तानी पाउने अधिकार निजको हुन्छ | सार्बजनिक निकाय/परामर्शदाताले सम्पुर्ण रुपमा खुद कार्य र गुणस्तर शत प्रतिशत चेक जाँच गर्न नसक्ने भएकोले नै specification नाप जाँच, कार्य स्वीकारको पूर्व शर्त पूरा हुने विषयको प्रावधान राखेकोले सोही बिधि प्रयोग गर्नु पर्ने नै हुन्छ। अन्यथा लापरवाही गरेको वा निर्माण व्यवसायीलाई लाभ पुर्याउने उद्देश्यले छुट दिएको मान्नु पर्ने हुन्छ। निर्माण व्यवसायीले गुणस्तरहीन कार्य गरेको वा हुदै नभएको कार्यको समेत भुक्तानी लिने /दिने कार्य चेक जाँच गर्दा संझौताको प्रावधान बमोजिम Quality Assurance Plan बमोजिम Tests नगरेको, सार्बजनिक निकायले Tolerance चेक नगरेको,Confirmatory test नगरेको कारणले नै स्थलगत निरीक्षणमा विश्व भर चलनमा रहेको प्रावधान बमोजिम Random location मा गर्ने चेक जाँचको आधारमा नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनियमितता भएको यकिन गरेको हो।यसरी अनुसन्धानको लागि चेक जाँच गर्दा अनुसन्धान अधिकृत वा अधिकार प्राप्त अधिकारीले अध्ययन तथा छलफलको आधारमा प्रत्येक उजुरीको संबेदनशिलता, आकार प्रकार, Retained Properties को आधारमा आवश्यकता अनुसार फरक फरक योजना तयार गरी Sample number, sample size and location यकिन गरी अनुसन्धान गर्ने गरिएको हुन्छ। भ्रष्टाचार छानविनमा Quality, Geometry, Quantity, Use मा कति Variation भयो भनी पता लगाउनु नै हो र यसमा थोरै वा धेरै भन्ने हुदैन, कसूरको मात्रा र मापदण्ड कानूनले निर्धारण गर्छ भन्ने तर्फ विशेष अदालतले वेवास्ता गरी प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको।


प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. देवराज जोशी, खेमराज बिष्ट, पूर्ण कुँवर, नरेन्द्र शाही, भक्तराज जोशी, धनबहादुर बिष्ट र सन्तोष जोशी** (वि.अ. को मु.नं.**०७८**-CR-**००९९**), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **सरकारी सम्पत्ति हानि नोक्सानी** | **प्रतिवादी अधिकृत खेम राज बिष्टले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख),(ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा बिगो रु. ४२,००,५३१/२० (अक्षरुपी बयालिस लाख पाच सय एकतिस पैसा बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिम जरिवाना तथा विगो समेत असूल असूलउपर हुन मागदावी लिइएको, **गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी देव राज जोशीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर गरेको देखिदा विगो रु. ६,७८,२२०/०० (अक्षरुपी छ लाख अट्हत्तर हजार दुई सय बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना तथा बिगो समेत असूल असूलउपर हुन मागदाबी लिइएको, **गोदावरी नगरपालिकाका ईन्जिनियर प्रतिवादी पुर्ण** | **फैसलाः**<br>प्रतिवादीहरु देवराज जोशी, खेमराज बिष्ट, पूर्ण कुँवर, नरेन्द्र शाही, भक्तराज जोशी, धनबहादुर बिष्ट र सन्तोष जोशीलाई आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला गरेको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क. वेस कोर्स र सब-वेस कोर्सको gradation test बाट निर्माण कार्य स्पेसिफिकेशन बमोजिम gradation envelop भित्र नपरी गुणस्तर नपुगेको भन्ने दाबी सम्बन्धमा विशेषज्ञ रायको आधारमा वादी दाबी नपुग्ने देखियो। निर्माण कार्य सम्पन्न भई नियमित रुपमा सञ्चालनमा रहेको १ वर्षपछि वादीले gradation test गरिएको अवस्था हुँदा Disturbed Sample को परीक्षणबाट सही नतिजा आउन सक्ने देखिएन। निर्माण कार्य सम्पन्न भएपछि gradation test गर्न मिल्ने देखिँदैन भनी विशेषज्ञ रायसमेतबाट वादी दाबी पुष्टि हुन सकेन।<br>ख. Standard Specifications For Roads and Bridges को Section ११०१ मा Thickness of Pavement layers नापजाँच गर्दा "The average thickness of any pavement layer measured at five conjugative points at every २०m. in any Sections" भनी उल्लेख भएकोले मोटाई नापजाँच गर्दा प्रत्येक २० मिटरको दूरीमा ५ सम्वद्ध विन्दुबाट नाप | **क.** गोदावरी नगरपालिका, कैलालीमा मिति २०७८/०५/२७ को स्थलगत निरीक्षण प्रतिवेदन बमोजिम ४ वटा सडकका ठेक्काहरुमा र मिति २०७८/०६/११ को स्थलगत निरीक्षण प्रतिवेदन बमोजिम थप ९ वटा सडकहरुको बारे पेश भएको जम्मा १३ वटा सडकहरुमध्ये जगदम्बा निर्माण सेवा, डडेल्धुराबाट कार्य सम्पादन भएका २ वटा सडकका ठेक्काहरुमा भुक्तानी भएको परिमाण (Quantity) को स्थलगत निरीक्षण गर्न आयोगको टोलीबाट स्थानीय जनप्रतिनिधि, सम्बन्धित निर्माण व्यवसायी, ठेक्का कार्यान्वयन गराउने नगरपालिकाका प्राबिधिकहरुको उपस्थितिमा गुणस्तर परीक्षण नतिजा बाहेक खुद नापजाँचको आधारमा काम तामेल भएको मुचुल्का सहितको प्रतिवेदनबाट देखिने,<br><br>**ख)** गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सडक सम्बन्धी १३ वटा सडकको ठेक्काहरुमध्ये जगदम्बा निर्माण सेवा बाट सम्पादन भएका २ वटा सडकहरुबाट संकलित सिलबन्दी नमूनाहरु सडक विभागको प्रयोगशालामा गुणस्तर परीक्षणको लागि मुचुल्का गरी नमूनाहरुको परीक्षण गरी तयार भएको मिति २०७८-०८-०९मा प्राप्त Test Result प्रतिवेदनबाट देखिने,<br><br>**ग.** गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सडक सम्बन्धी १३ वटा सडकको ठेक्काहरु मध्ये जगदम्बा निर्माण सेवाबाट सम्पादन भएका २ वटा सडकहरुबाट संकलित सिलबन्दी नमूनाहरुको परीक्षण सडक विभागको प्रयोगशाला गराई प्राप्त गुणस्तर परीक्षण नतिजा उपर विश्लेषण गरिदिन अनुरोध भएको र ईन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसका Lecturer Rojee Pradhananga, PhD ले दिनु भएको तपसिल बमोजिमको बिश्लेषण प्रतिवेदनको **Conclusion** निम्न व्यहोरा लेखेको देखिन्छ।<br><br>The quality of pavement construction works performed by 5 builders under 13 contracts is assessed by comparing the measured mean thicknesses, AIV values, and observed gradations against their requirements as per specification. Results of quality checks concludes:<br><br>-The base and subbase aggregate gradations in all cases are out of the specified envelopes and fail to satisfy the slope requirements.<br><br>-The base and subbase aggregate gradations in almost all cases have percentage of fines (passing 0.075 mm) higher than the specified maximum value of 5% and can result detrimental effects especially with moisture variation.<br><br>The base aggregate gradations in almost all cases have high percentage of large aggregates (45 mm to 22.4 mm) and low percentage of medium size aggregates (22.4 mm to 2.36 mm). The gravel to sand ratio in almost half of the samples are higher than 3, the gravel to sand ratio calculated for the specified maximum gradation envelop indicating presence of large amounts of voids. Therefore, the base aggregate layers are less resistant to permanent deformation and are also susceptible to intrusion of subgrade soil. भन्ने समेत व्यहोराको विशेषज्ञको परीक्षण प्रतिवेदन रहेको जसमा जगदम्बा निर्माण सेवाबाट सम्पादन भएको सेहरी सडकबाट संकलित सिलबन्दी नमूनाहरु सडक विभागको प्रयोगशालाबाट प्राप्त गुणस्तर परीक्षण नतिजाउपर प्राप्त प्रतिवेदनमा बेस कोर्सको material composition को gradation envelop (Graph of lower-upper limit of various sizes of aggregates) स्पेसिफिकेसनमा Higher Stability & density दिने उद्देश्यका लागि तोकिने र यसले movement of subbase/subgrade material लाई रोक्न सक्ने गरी सेट गरिएको हुन्छ तर विज्ञको रायवमोजिम तोकिएको गुणस्तरको बेस कोर्स र सबबेस कोर्सको निर्माण नदेखिएकोले Composition/gradation of base/subbase material मा फरक भएको अवस्थामा Unstable layer तयार हुने र सडक सतह चाँडै बिग्रिने र Intrusion of subgrade soil ले गर्दा base/subbase को desired property परिवर्तन भई तहगत गुणस्तर समय क्रममा खस्किदै जाने र सवारी साधनको भार सहने क्षमता समाप्त हुँदै जाने हुँदा उक्त सडक खण्डहरुमा तोकिएको अवधि अगावै पुनःनिर्माण गर्नुपर्ने भई नहुनु पर्ने सरकारी रकम हानि नोक्सानी हुने प्रष्ट देखिने भनी बिशेषज्ञको रायबाट देखिदा देखिदै प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>**घ.** एक पटक विशेषज्ञले प्रतिवेदन पेश गरी अदालत समक्ष उपस्थित भई प्रमाण ऐन, २०३१ को दफा ५२ बमोजिम विशेषज्ञले उक्त प्रतिवेदनको व्यहोरा ठिक हो भनी वकपत्र गरी सकेको अवस्थामा एउटै विषयको रायको लागि विशेष अदालतले नयाँ विशेषज्ञ टोली गठन गरी नयाँ गठित विशेषज्ञ टोलीको राय बुझी निज विशेषज्ञ टोलीमा रहेका व्यक्तिहरुको वकपत्र गराएको देखिन्छ। एक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **कुँवरले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा बिगो रु.४८,७८,७५१/२० (अक्षरुपी अडचालिस लाख अठत्तर हजार सात सय एकाउन पैसा बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना र बिगो समेत असूल उपर हुन मागदाबी लिइएको, **गोदावरी नगरपालिकाका सब-ईन्जिनियर प्रतिवादी नरेन्द्र शाहीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा बिगो रु.२१,२०,३१९/- (अक्षरुपी एकाइस लाख बिस हजार तिन सय उन्नाइस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना र बिगो समेत असूलउपर हुन मागदाबी लिइएको, **गोदावरी नगरपालिका सब-ईन्जिनियर प्रतिवादी भक्तराज जोशीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को | गर्नुपर्छ। सोही मापदण्डको Section १२०१ (५) मा "Crusher-run macadam base shall be measured in cubic meter by taking cord Section at intervals of २० meters" भनी उल्लेख गरेको पाइन्छ। यसरी, सडकको Premix Carpet को मोटाई नापजाँच गर्दा हरेक २० मिटरको चेनेज कायम गरी सम्बद्ध विन्दु (Conjugative Point) कायम गरी नापजाँच गरेमा सही आँकडा आउन सक्ने देखिन्छ। वादीले सो मापदण्ड बमोजिम नापजाँच गरेको पुष्टि हुन नसकेकोले वादीको नापजाँच प्रतिवेदन विश्वसनीय प्रमाणको रुपमा ग्रहणयोग्य हुन सकेन।<br>ग. निर्माण व्यवसायी रहेका प्रतिवादी सन्तोष जोशीले Premix Carpet को मोटाई नपुगेको हदसम्म रू.१०,७९,८०६। - गोदावरी नगरपालिकाको कार्यालयमा दाखिला गरेको भनी बिगो असूलीतर्फ निज प्रतिवादीका हकमा दाबी रकम घटाइएको भन्ने देखिन्छ। मुद्दा दायर हुनु अघि नै बिगो असूल उपर भएको अवस्थामा नेपाल सरकारलाई हानि नोक्सानी र प्रतिवादीलाई गैर कानूनी लाभ भएको भन्ने वादी दाबी पुग्न सक्ने देखिएन।<br>घ. गोदावरी नगरपालिकाको ठेक्काहरू अन्तर्गत बनेका सडकहरुको पिचको प्रिमिक्स कार्पेटको मोटाई ३ से.मी. हुनुपर्नेमा सो बमोजिम नपुगेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीको स्थलगत निरीक्षण प्रतिवेदन रहेकोमा मुद्दा पर्नु अघि त्रुटी सच्याउने अवधि भित्र नै सो रकम शोधभर्ना गरिएको कुरा आरोप दाबीमा नै स्वीकार गरिएको तथा सडकको नापजाँच गर्दा प्रत्येक २० | पटक बिशेषज्ञ बुझी सके पछि फेरी बिशेषज्ञ टोली गठन गर्न सक्ने व्यवस्था प्रमाण ऐन, २०३१ को कानूनी प्रावधानबाट देखिदैन।एक पटक शुरु विशेषज्ञले अदालतमा वकपत्र गर्दा प्रतिवेदन ठिक छ भनी वकपत्र गरेबाट उक्त प्रतिवेदन प्रमाण ग्राही भै सकेको अवस्थामा विशेष अदालतले कानूनको गलत व्याख्या हुने गरी बिशेषज्ञ टोली गठन गरी उक्त टोलीको राय बुझी वकपत्र समेत गराई Lecturer Rojee Pradhananga, PhD ले दिनु भएको प्रतिवेदनलाई नजरअन्दाज गरी प्रमाण ऐन, २०३१ को दफा २०,२३ र दफा ५१ बिपरीत नयाँ गठित बिशेषज्ञ टोलीको राय बुझी वकपत्र समेत गराई प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>**ङ.** गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सडक सम्बन्धी १३ वटा सडकको ठेक्काहरु मध्ये जगदम्बा निर्माण सवा , डडेल्धुराले आ.व. २०७६-७७ मा बिभिन्न २ वटा सडकहरु (ठे.नं. ८/०७६-७७ अन्तर्गत दुर संचार जाने वाटो र गुह्येश्वरी सडक र ठे.नं. २०/०७६-७७ अन्तर्गत घण्टेश्वर मन्दिर जाने सडकको निर्माणको बिल भुक्तानीमा भएको उल्लेखित Quantity र स्थलगत निरीक्षण संबन्धित प्रतिनिधिको रोहवरमा तयार भएको मुचुल्का बमोजिम फरक नाप अनुसारको बढी भुक्तान हुन गएको रकम बारे जानकार हुन गई तपसिल बमोजिम रकम असूल गरेको जानकारी दिएको नगरपालिकाको मिति २०७८/०६/२५ को पत्रबाट देखिदा नगरपालिका आफैले निर्माण व्यवसायीवाट असूल उपर गरेको रकमको विवरण समेतबाट प्रतिवादीहरुले गुणस्तरहीन कार्य गरेको पुष्टि भै रहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको,<br>**च.** गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सबै ठेक्काहरुमा संझौता बमोजिम Special Condition of Contract : GCC 1.1(bb) & 10.1 को लागि Project Manager is Khem Raj Bist ( Chief Administrative Officer) भनी उल्लेख भएको र निजको जिम्मेवारी General Condition of Contract(GCC): 1.1(bb) : *The Project Manager is the person named in the SCC (or any other competent person appointed by the Employer and notified to the Contractor, to act in replacement of the Project Manager, who is responsible for* **supervising the execution of the Works** *and administrating the Contract)* भनी उल्लेख भएको संझौता कागजातबाट देखिन्छ।प्रत्येक ठेक्काको लागि निर्माण व्यवसायीलाई दिईएको कार्यादिशमा निर्माण व्यवसायीलाई गुणस्तर, लागत, परिमाणलाई मध्येनजर गर्नुका साथै वातावरणीय पक्षलाई समेत ध्यान दिने गरी निर्धारीत समयावधि भित्र कार्य सम्पन्न गर्न र उक्त कायदिश पत्रको बोधार्थमा इन्जिनियर श्री पुर्ण कुँवर (प्राविधिक शाखा) : आवश्यक समन्वय गरी निर्माण कार्य अगाडि बढाउन हुन भनी निर्माण व्यवसायीलाई दिएको कायदिश पत्रबाट देखिएको हुँदा खेमराज बिष्ट र पुर्ण कुँवरले कार्यदेश बमोजिम कामकारवाही नगरेको तर्फ विशेष अदालतले विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको,<br>**छ.** विशेष अदालतले विशेषज्ञ राय लिनको लागी Engineering Association बाट सडक निर्माणसँग सम्बन्धित Engineering विषयका एकजना सडक विभागका विज्ञ समेत ३ जना विज्ञहरुको समूहबाट राय लिनु भनी मिति २०८०/०७/२१ मा आदेश गरेबाट सोही बमोजिम नेपाल ईन्जिनियर्स एसोसिएसनबाट मिति २०८०/०८/१० मा राय पेश गरेको देखिन्छ। विशेष अदालतले विशेषज्ञ राय लिनको लागि नेपाल ईन्जिनियरिङ परिषद ऐन २०५५ बाट गठित नेपाल ईन्जिनियरिङ परिषदबाट विशेषज्ञ राय लिनु पर्नेमा सो नगरी कुनै निश्चित विचारधारा देखाई निर्वाचनबाट प्रतिनिधित्व गर्ने नेपाल ईन्जिनियर्स एसोसिएसनबाट राय लिई उक्त रायलाई फैसलाको निर्णयाधार बनाई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रथम दृष्टिमै आग्रह पूर्वाग्रह युक्त हुने सक्ने देखिंदा त्रुटिपूर्ण रहेको,<br>**ज. Engineering Association बाट** प्रतिवेदन दिने ई. डा. विश्व रन्जन शाही, ई. रामबाबु पौड्याल, ई. गागल बहादुर भण्डारीले सडक निर्माण हुनु भन्दा अगाडी material हरुको गुणस्तर चेक गरिन्छ ठिक भए पछि मात्र सो material हरुलाई बिछ्याई compaction गरिन्छ। Base र sub-base material हरुलाई layer by layer रोलर मेशिन With vibrator द्वारा compaction गरिन्छ। सो compaction गर्दा Aggregate हरु केही मात्रामा crushed हुने संभावना देखिन्छ भन्ने तर्क उल्लेख गर्नु भएको देखिन्छ \| बिशेष अदालतमा पेश गरिएको उक्त प्रतिवेदनमा थोरै सत्यता भए पनि पुष्टि हुने गरी गोदावरी नगरपालिकाले प्रयोग गरेको सब-बेस र बेसको सामग्रीमा कतिको धुलो Compaction को कारणले हुन्छ भन्ने उल्लेख भएको देखिदैन। यहा नेपालको एक मात्र अधिकारीक र तटस्थ मानिएको संस्थाका विज्ञवाट बिश्लेशषण गरी पेश गरिएको प्रतिवेदनलाई हल्का किसिमले नकार्दै जाने र ईन्जिनियरको हक हितको लागि स्थापित र सरकारलाई राय दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिदा बिगो रु.२७,५८,४३२/२० (अक्षरुपी सत्ताइस लाख अन्ठावन्न हजार चार सय बत्तिस पैसा बिस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद गरी खुल्न आएको बिगो बमोजिमको जरिवाना र बिगो समेत असूलउपर हुन मागदाबी लिइएको, **प्राबिधिक पूर्वाधार कार्यालयमा तत्कालिन ल्याब टेक्निसियन प्रतिवादी धन बहादुर बिष्टले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिदा सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुन मागदाबी लिइएको र **जगदम्बा निर्माण सेवाका प्रोप्राइटर प्रतिवादी संतोष जोशीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिदा सो क्रममा खुल्न आएको रू. ४८,७८,७५१/२० बिगो कायम हुने भएता पनि निज प्रतिवादी संतोष जोशीले रु ४८,७८,७५१/२० | मिटरको दूरीमा Sampling Chainage राखेको नदेखिंदा Standand Specification for Roads and Bridge Work, २०५८ को विधि (Rquirement) अनुरुप रहेको नदेखिंदा सो स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा मात्र Premix Carpeting को समग्र मोटाई नपुगेको भन्न मिल्ने नदेखिंदा तथा जोडतोड बल (Destrustive force) मार्फत् खाँदिएको (Compacted) बेस र सब-बेस सामग्रीको नमूना झिक्दा नमूना निर्माण अघिको अवस्था ( Origin Position) मा रहने सम्भावना नरहेको र टुटफुट तथा भूईँतहबाट माटो, बालुवा मिसिई (Contamination of Soil from underlying Sub-grade layer) धुलोको मात्रा (Excessive fine particles) अधिक रहने हुँदा सडक निर्माण भई सञ्चालनमा रहेको सडकको सब-बेस र बेस वर्कको Gradation Test गर्दा नतिजा फरक पर्न सक्ने भन्ने विशेषज्ञ रायसमेतका आधारमा सडकको बेस कोर्ष र सब-वेस कोर्सको Gradation Requirement नपुगेको वादी दाबी पुग्न सक्ने नेदेखिएको, सडकको बेस कोर्ष र सब-बेस कोर्षको मोटाई पुगेको र AIVT (Aggregate Impact Value Test) बाट Aggregate Value पुगेको भन्ने वादीले स्वीकार गरिरहेको एवं सडकको भौतिक अवस्था ठीक रहेको कुरा सडक विभागको प्रतिवेदन र वादीकै साक्षीहरुको बकपत्रसमेतबाट पुष्टि भइरहेको तथा Gradation Test मा Fine Particles केही फरक हुँदैमा समग्र निर्माण कार्य गुणस्तरहीन भन्न सकिने अवस्था नरहने भन्ने विशेषज्ञको रायसमेतका आधारमा | सक्ने बिज्ञको लागि Code of Conduct समेत जारी नगरेको संस्थाका कुनै सदस्यको समितिले कुनै आधार र अनुसन्धनात्मक तथ्यको आधार नै उल्लेख नगरी पेश गरेको दुषित प्रतिवेदनलाई स्वीकार गरी गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>**झ.** प्राय जसो कुनै Softer Material (e.g. limestone ) हरु Compaction ले Break हुन गई fine को मात्रा बढी बढ्दछ। सामान्यतया Fines (passing No 200 sieve) मा Compaction को कारणले २-५% बढ्छ भने medium sized aggregate ( between No 4 sieve and N. 200 sieve) को मात्रा १-३% ले घट्दछ \| यसै गरी Course Aggregate (Between ¾ inch sieve and No. 4 sieve ) मा १-२% मात्र घटने सामान्य ट्रेण्ड तथ्याङ्कवाट देखिएता पनि Aggregate (base and subbase) को श्रोत बमोजिम फरक फरक हुने नै हुन्छ \| यसै कारणले Sand and Aggregate को लागि Acceptable Gradation Envelop को प्रावधान स्पेसिफिकेसनमा गरिएको हुन्छ र सो Envelop range भित्र पर्छ भनेर नै सडकको Design गरिएको हुन्छ \| तर उपरोक्त Effect of Compaction को कारणले Fines मा आउने परिवर्तणले गर्दा Designer or Specification ले अपेक्षा गरेको भन्दा फरक परीक्षण प्रतिवेदन प्राप्त भएमा बिज्ञले विश्लेषण गरी दिएको प्रतिवेदन बमोजिम गुणस्तरहीन कार्य भएको मान्नु पर्ने कारण र आवश्यक चेक जाँच नगर्ने प्रबृति तथा हचुवाको आधारमा कार्य स्वीकार गरेकोले नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान र अभियोजन गर्ने गर्छ यस्ता तथ्यलाई न्यायोचित तवरले फैसलामा विचारै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>**ञ.** गोदावरी नगरपालिका, कैलालीमा आ.व. २०७६-७७ मा भए गरेका सडक सम्बन्धि १३ वटा सडकको ठेक्काहरु मध्ये जगदम्बा निर्माण सेवाबाट सम्पादन भएका ठेक्काहरुमा पेश गरिएको आंशिक र अधुरो टेस्ट रिपोर्टहरुमा कुनैमा ज्यालादारीका ल्याब टेक्निसियनले र कतै कतै निर्माण व्यवसायी मात्रैले सहि गरी लेखिएको टेस्ट रिपोर्ट कागजात तथा निर्माण व्यवसायीबाट पेश भएका बिलको corroborative प्रमाणको रुपमा संलग्न रहेको नापी किताबको प्रत्येक Measurement Sheet मा निर्माण व्यवसायी सन्तोष जोशी, ईन्जिनियर पुर्ण कुँवर, सब-ईन्जिनियर ज्नरेन्द्र शाही समेतका साथै प्रमुख प्रशासकीय अधिकृत खेम राज बिष्ट समेतले नापीको तथ्य ठिक छ भनी सहि गरेको नापी किताब रहेको देखिन्छ \| सार्वजनिक खरिद ऐन, २०६३ अध्ययन गर्दा उक्त ऐनको दफा ५७ बमोजिम सार्बजनिक निकायले विल/बिजकको भुक्तानी खरिद संझौताको अधिनमा रही तोकिए बमोजिम दिनु पर्नेछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (२) बमोजिम निर्माण व्यवसायीले खरिद संझौता बमोजिम (गुणस्तरिय कार्य सुनिश्चितता गर्ने कागजात, साईट निर्देशनका पत्र, संयुक्त सर्भे तथा नापी कागजात तथा कार्य सम्पादन संझौता तथा स्पेसिफिकेसन बमोजिम भएको पुष्टि गर्ने अन्य कागजातहरु) आवश्यक कागजात पेश गरेमा उपनियम (१) बमोजिम सार्बजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल भुक्तानी गर्दा प्राविधिकले उपखण्ड **(ख) बमोजिम नाप जाँच गरी नापी किताब** (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने प्रावधान रहेको छ। गोदावरी नगरपालिका तथा सम्मानित बिशेष अदालतले नापी तथा गुणस्तरको लागि आधार लिएको Standard Specifications for Road And Bridge, 2075 बमोजिम निर्माण व्यवसायीले सम्पादन गरेको वास्तविक कार्यको नापी गर्ने तरिका तपसिल वमोजिम रहेको देखिन्छ \|<br><br>क.1201 GRANULAR SUBBASE को (9) Measurement बमोजिम Granular sub base shall be measured in cubic meter by **taking cross section** at intervals of 20 meters or as directed by the Engineer in the original position before the work starts and after its completion and computing the volumes in cubic meters by average end area method.<br><br>ख.1204 CRUSHER-RUN MACADAM FOR BASE AND SUBBASE को (5) Measurement बमोजिम **Crusher-run** macadam **base** shall be measured in cubic meter by **taking cross Sections** at intervals of 20 meters or as directed by the Engineer in the original position before the work starts and after its completion and computing the volumes in cubic meters by average end area method.<br><br>ग.1309 ASPHALT CONCRETE/ BITUMINOUS CONCRETE को<br><br>(1) **Scope** This Clause covers the materials, method of construction and requirements for the construction of Asphalt Concrete. / Bituminous concrete This work shall consist of construction of Bituminous Concrete, for use in wearing and profile corrective courses. This work shall consist of construction in a single layer of bituminous concrete on a previously prepared bituminous bound surface. A single layer shall be **30 mm**/40 mm/50 mm thick<br><br>(8) **Measurement** Asphalt concrete/ Bituminous concrete of specified grading in contract document shall be measured as finished work either in cubic meters, tons or by the square meter at a specified thickness as indicated in the Contract drawings, or documents, or as otherwise directed by the Engineer |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मध्ये रू १०,७९,८०६/- गोदावरी नगर पालिकाको आन्तरिक राजस्व खाता नं. ०७१२०५१४९८६२२ ०११मा मिति २०७८-०६-१२ मा जम्मा गरिएको बैक नगद दाखिला भौचर उक्त नगरपालिकाले प्रमाणित गरी पठाएको देखिदा सो रकम घटाई हुन आउने बाँकी विगो रु ३७,९८,९४५/२० ( अक्षरुपी सैतिस लाख अन्ठान्बे हजार नौ सय पैतालिस पैसा बिस) देखिदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) वमोजिम कैद गरी बाँकी देखिएको विगो वमोजिमको जरिवाना र उक्त बाँकी विगो समेत असूलउपर हुन मागदावी लिईएको, | आरोप दाबीमा उल्लिखित ठेक्का नं.का सडकहरु गुणस्तरहीन रहेको वा वास्तविक कार्यभन्दा बढी देखाई नापी किताब तयार गरी भुक्तानी लिएको पुष्टि हुन सकेको नदेखिएको भनी फैसला भएको देखिन्छ। | घ.1310 CLOSE-GRADED PREMIX SURFACING/MIXED SEAL SURFACING को<br><br>(1) **Scope** (a) The work shall consist of the preparation, laying and compaction of a close graded **premix surfacing** material of **20 mm thickness** composed of graded aggregates premixed with a bituminous binder on a previously prepared surface, in accordance with the requirements of these Specifications, to serve as a wearing course.<br><br>(7) **Measurement** : Close-graded premix surfacing, Type A or B shall be measured as finished work, for the area specified to be covered, in square meters at a specified thickness. The area will be the net area covered.<br><br>उपरोक्त Sub-base course , Base course and 3 cm Thick bituminous कार्यको लागि निर्माणाधिन सडकको लागि तयार आवश्यक Camber बमोजिम सब-ग्रेड तयार भई Cross-Sectional and Longitudinal slope चेक जाँचबाट ठिक देखिए पछि Level Machine ले प्रत्येक २०-२० मिटरमा Cross-sectional level रेकर्ड गर्नु पर्छ।सब-ग्रेड माथि Sub-Base Material राखि तोकिएको मोटाई चेक गरी Rolling लगायत प्रकृया पूरा भए पछि चेक जाँच गराई, सब-बेस माथि २०-२० मिटरमा Cross-sectional Level को रेकर्ड लिनु पर्छ। यसरी सब-ग्रेड र सब-बेस माथी लिएको Cross sectional Level बाट Cross –sectional Area Plot गरी मात्र उक्त Cross-sectional Area प्रत्येक २०-२० मिटरमा पता लगाई, प्रत्येक २० मिटर सडक खण्डको दुवै तर्फको Cross sectional Area को औसत क्षेत्रफललाई २० मिटरले गुणन गर्दा आउने Volume नै सो सडक खण्डको वास्ताविक नाप हुने र यसै गरी पूरै सडक लम्वाईको वास्तविक नापीको आधारमा मात्र भुक्तानी गर्नु पर्ने हुन्छ।बेस कोर्स र २ से.मी. भन्दा बढिको मोटाईको कालो पत्रे कार्यको समेत औसत क्षेत्रफललाई २० मि ले गुणन गरी वास्तविक कार्य सम्पादनको नापी के आधारमा भुक्तानी दिनु पर्ने Specification तथा प्रचलित सार्वजनिक खरिद ऐन नियमको अवधारणा रहेको देखिन्छ।<br><br><br><br><br>**Fig: Camber in Road**<br><br>माथी चित्रमा उल्लेख भए अनुसार वर्षाको पानी सडक सतहवाट सहजै निकासको लागि सडक केन्द्रको दाया-वाया स्लोपमा क्याम्बर बनाउनु पर्ने भएकोले सम्पादित कार्यको २०-२० मि मा म्यानुअली मोटाई राखी तयार गरिएको नापी वास्तविक नहुने र सडक किनारमा बढी देखिन सक्ने तर केन्द्रमा घटी मोटाई हुन सक्ने हुँदा वास्तविक कार्य स्पेसिफिकेसनमा तोके बमोजिम मात्र गर्नु पर्ने हुन्छ । गोदावरी नगरपालिकाले Specification बमोजिम वास्तविक कार्य सम्पादन भएको परिमाण यकिन नगरी हचुवाको भरमा लम्बाई, चौडाई र हुँदै नभएको उचाई २०-२० मिटरमा उल्लेख गरी लम्बाई र चौडाईले गुणान गरी नगरे/नभएको काम भए गरेको देखाई अवास्तविक Quantity (परिमाण) को भुक्तानी गरेको प्रतिवादीहरुको अनुसन्धानको क्रममा आयोगमा तथा अदालत समक्ष दिएको बयानमा Level and Core Cutting machine प्रयोग नगरेको भनी उल्लेख गरेको देखिएबाट नगरे/नभएको कामको भुक्तानी दिएको देखिने,<br><br>**ट.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (१) बमोजिम सार्बजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा, सम्पन्न भएको निर्माण कार्यको प्रतिवेदन तयार गर्दा, उद्देश्य अनुरुप निर्माण भई संचालन गर्न उपयुक्तताको परीक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नु हुदैन भन्ने प्रावधान रहेको छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ उपनियम (२) बमोजिम खरिद संझौताको कार्यान्वयनको सुपरीवेक्षण गर्ने सार्वजनिक निकाय वा अन्य |

निकायले निर्माण व्यवसायीको खरिद संझौतामा उल्लिखित अधिकारमा प्रतिकूल असर नपर्ने गरी नक्सा, स्पेसिफिकेशन र खरिद संझौताको शर्त अनुसार खरिद सम्झौता कार्यान्वयन भए नभएको सुपरीवेक्षण गर्न सक्नेछ |सम्पादित कार्यको भुक्तानि पूर्व आवश्यक पूर्व शर्त तथा कार्य स्वीकार हुने आधारको सन्दर्भमा Standard Specifications for Road And Bridge, 2075 मा रहेको प्रावधानहरु :

1201 GRANULAR **SUBBASE** को हकमा बुँदा नं 6) Setting out and Tolerances The layer shall be set out and **constructed to the appropriate tolerance** specified in Section 1100.

1204 CRUSHER-RUN MACADAM FOR **BASE** AND SUBBASE को हकमा बुँदा नं (4) Surface Finish and Quality Control of Work The surface finish of construction shall **conform to the requirements of section 1100.** Control on the quality of materials and works shall be exercised by the Engineer in accordance with Section 500.

1309 **ASPHALT** CONCRETE/ **BITUMINOUS** CONCRETE को हकमा बुँदा नं (6) Surface Finish and Quality Control The surface finish of the completed construction shall **conform to the requirements of Section 1100**. All materials and workmanship shall comply with the provisions set out in Section 600 of these Specifications.

1310 CLOSE-GRADED **PREMIX SURFACING**/MIXED SEAL SURFACING को हकमा बुँदा नं (5) Surface Finish and Quality Control of Work :The surface finish of construction shall **conform to the requirements of Section 1100**. For control on the quality of materials and the works carried out, the relevant provisions of Section 600 shall apply.

**सबबेस, बेस र कालोपत्रेको कार्य स्वीकार्य हुने नहुने सन्दर्भमा आवश्यक गुणस्तर परीक्षण वाहेक पनि Section 1100 बमोजिमको पूर्व शर्त को चेक जाँच गर्नु पर्ने देखिन्छ।**

SECTION 1100: ROADWORKS OVERALL REQUIREMENTS को 1101 HORIZONTAL ALIGNMENTS, SURFACE LEVELS AND SURFACE REGULARITY OF PAVEMENT COURSES बमोजिम Tolerance उल्लेख भएको देखिन्छ , उक्त Tolerance को सिमा भित्र पर्ने वा नपर्ने जाँचनको लागि 2) Tolerances ( b ) बमोजिम Width of Pavement The average width of pavement layer measured at five conjugative points at every 200 m in any Section shall be as specified in Table 11.1 र (c ) बमोजिम The average thickness of any pavement layer measured at five conjugative points at every 20 m in any Section shall not be less than the thickness specified nor more than 120% of the thickness specified or directed by the Engineer. अर्थात २००-२०० मिटरमा पाँच वटा चौडाइहरुको औसत चौडाइ चेक गर्नु पर्ने र प्रत्येक २०-२० मिटर मा ५ वटा मोटाइको औसत तोकिएको भन्दा घटी हुनु नहुने र २०% भन्दा बढी पनि नहुनु पर्ने अवस्थामा मात्र स्वीकार्यताको निर्णय गर्नु पर्नेमा सो तर्फ कुनै बिश्लेषण नै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको,

**ठ.** गोदावरी नगरपालिकाले नापी किताबमा उल्लेख गरी भनिएको नापहरुको स्वीकार्यता चेक जाँच गरेको देखिंदैन साथै स्पेसिफिकेसनको 1101 को बुँदा नं (4) बमोजिम If the executed work is within the limit of tolerance, but less than the specified on drawing or directed by the Engineer, the payment shall be made for actual quantity executed, if the executed work is more, the payment shall be made for as shown on the drawing or directed by the Engineer समेत भुक्तानी नगरी सम्पूर्ण नापलाई औसतको रुपमा भुक्तान गरेको ले समेत Specification बमोजिम भुक्तानी नभई बढी भुक्तानी भएको देखिन्छ।आयोगको तर्फवाट यस विषयलाई समेत आधार बनाई विगो कायम गरिएको छ |**Standard Specifications For Roads and Bridges** को Section 1101 को प्रावधान भनेको सम्पादित कार्य तोकिएको Tolerance/possible Error को सिमा भित्र पर्ने वा नपर्ने र सोको आधारमा थप सुधार गर्नु पर्ने वा अस्वीकार गरी पुन निर्माण गर्नु पर्ने कार्य बुझ्न अपनाउनु पर्ने विधि/प्रकृया मात्र हो | यो प्रकृयाले वास्तविक कार्य सम्पादनको परिमाण यकिन गर्न सम्बन्धित कार्यको भुक्तानी प्रयोजनको लागि तोकिएको विधीवाट नाप लिई सके पनि Section **1100** बमोजिम **Road Works Overall Requirement** गर्नु पर्ने भन्ने **Section 1201 (6) ,1204(4) ,1309(6) 1310 (5)** मा उल्लेख भएकोमा उक्त **Section 1201 (6) ,1204(4) ,1309(6) 1310 (5)** मा रहेको प्रावधानको कुनै विश्लेषणनै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको,

**ड.** यस्तै गरी **Standard Specifications For Roads and Bridges** को Section 1105 मा सबबेस कसरी Laying and Compacting गर्ने भन्ने तरिका वारे व्याख्या गरिएको छ तर फैसलाको ठहर खण्ड बुँदा नं. ८३ मा उल्लेखित Section 1201 (5) मा "Crusher-run macadam base shall be measured in cubic meter by taking cord Section at intervals of 20 meters" भनी उल्लेख गरेको पाइन्छ भन्ने तथ्य स्पेसिफिकेसन मापदण्डमा उल्लेख नै नभएको विषय हो र सो व्यवहारमा भए पनि यो निर्माण गर्दा अपनाइएको Laying and Compacting को तरिका मात्र हुन सक्ने

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएकोले श्री बिशेष अदालतले लिएको यो आधार खण्डित हुन्छ। श्री विशेष अदालतले लिएको बुँदा नं. ८२ र ८३ को आधारमा प्रत्येको २०-२० मिटरमा नाप लिई मात्र वास्तविक कार्य परिमाण निकाली विगो निर्धारण गर्ने हो भने Specification बमोजिम Full Width मा प्रत्येक २०-२० मिटरमा बाटो कटिन्ङ्ग गरी Cross –Sectional Area निकालेर मात्र हरेक २० मिटरको आयतन/नाप निकाल्नु पर्ने हुन्छ। यसरी राजमार्ग वा अन्य कुनै सडक उजुरी पर्ने बितकै चेक जाँच कै नाममा पूरै सडक खण्ड ध्वस्त हुन गई राज्यको ठूलो धनराशी नोक्सान हुने र सडक प्रयोगकर्ता समेत गुणस्तरीय सडक सेवा प्रयोगबाट वञ्चित हुन सक्नेमा कुनै द्विविधा हुने देखिदैन। सडक निर्माण तह तह गरी निर्माण गर्नु पर्ने भएकोले प्रत्येक २० -२० मिटरमा Cross –Section लिई नाप्ने कार्य एक पटक मात्र हुने भएर शंझौता तथा स्पेसिफिकेसनको प्रावधान बमोजिम हुनु पर्ने कार्य निर्माण कै चरण देखि सुपरीवेक्षण कार्य गर्ने ले Layer wise or Sectional Acceptance दिदै कार्य गराउनु पर्दछ र तत्काल नै संयुक्त नाप पनि लिई प्रमाणित गरी राख्नु पर्ने हुन्छ। निर्माण व्यवसायीले Quality Assurance Plan बमोजिम गुणस्तर चेक जाँच गरी सके पछि पनि सार्बजनिक निकाय/परामर्शदातालाई Confirmatory Test तथ Tolerance भित्र geometry रहे नरहेको चेक गराउनु पर्ने स्पेसिपफिकेसन तथा संझौताले प्रावधान गरेको हुन्छ। भारत, अमेरिका, बेलायतले प्रयोग गर्ने specification मा समेत निर्माणको क्रममा नाप, जाँचको बिधि र परामर्शदाताले चेक गर्ने विधिवारे उल्लेख गर्दा समेत भ्रष्टाचार मुद्दा अनुसन्धानको लागि पनि निर्माण कै बिधि बमोजिम Confirmation गर्नु पर्ने भनी कही कतै उल्लेख गरेको नदेखिएको हुँदा विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>**ढ.**ठेक्का संझौता बमोजिम निर्माणाधिन स्थल निर्माण व्यवसायीलाई जिम्मा (Possession of Site) लगाएको हुँदा प्रत्येक क्रियाकलापको साक्षी निज नै हुने र निजले वास्तविक कार्यको मात्र भुक्तानी पाउने अधिकार निजको हुन्छ \| सार्बजनिक निकाय/परामर्शदाताले सम्पुर्ण रुपमा खुद कार्य र गुणस्तर शत प्रतिशत चेक जाँच गर्न नसक्ने भएकोले नै specification नाप जाँच, कार्य स्वीकारको पूर्व शर्त पूरा हुने विषयको प्रावधान राखेकोले सोही बिधि प्रयोग गर्नु पर्ने नै हुन्छ। अन्यथा लापरवाही गरेको वा निर्माण व्यवसायीलाई लाभ पुर्याउने उद्देश्यले छुट दिएको मान्नु पर्ने हुन्छ। निर्माण व्यवसायीले गुणस्तरहीन कार्य गरेको वा हुदै नभएको कार्यको समेत भुक्तानी लिने /दिने कार्य चेक जाँच गर्दा संझौताको प्रावधान बमोजिम Quality Assurance Plan बमोजिम Tests नगरेको, सार्बजनिक निकायले Tolerance चेक नगरेको,Confirmatory test नगरेको कारणले नै स्थलगत निरीक्षणमा विश्व भर चलनमा रहेको प्रावधान बमोजिम Random location मा गर्ने चेक जाँचको आधारमा नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनियमितता भएको यकिन गरेको हो। यसरी अनुसन्धानको लागि चेक जाँच गर्दा अनुसन्धान अधिकृत वा अधिकार प्राप्त अधिकारीले अध्ययन तथा छलफलको आधारमा प्रत्येक उजुरीको संबेदनशिलता, आकार प्रकार, Retained Properties को आधारमा आवश्यकता अनुसार फरक फरक योजना तयार गरी Sample number, sample size and location यकिन गरी अनुसन्धान गर्ने गरिएको हुन्छ। भ्रष्टाचार छानविनमा Quality, Geometry, Quantity, Use मा कति Variation भयो भनी पता लगाउनु नै हो र यसमा थोरै वा धेरै भन्ने हुदैन, कसूरको मात्रा र मापदण्ड कानूनले निर्धारण गर्छ भन्ने तर्फ विशेष अदालतले वेवास्ता गरी प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको,<br><br>**ण.** तहाँ कार्यालय अन्तर्गत रहेको प्राविधिक शाखा प्रमुखले नापी किताब तथा बिलमा सही छाप गर्नु पूर्व निर्माण कार्यान्वयन गर्दा उक्त निर्माण कार्यको गुणस्तर सम्बन्धमा चेकजाँच गरेको पुष्टि हुने कुनै प्रमाण पेश गर्न नसकेको, सो बारेमा निर्माण व्यवसायीले कुनै पत्रबाट जानकारी नगराएको, रितपूर्वक परीक्षण प्रक्रिया नै पूरा नभएको र सम्बन्धित अधिकारीबाट स्वीकृत तथा प्रमाणित नै नभएको परीक्षण प्रतिवेदन, निर्माण व्यवसायीले बिलसाथ पेश गरेकै आधारमा गुणस्तरीय कार्य भएको मान्नु नापजाँच कार्यमा संलग्न प्राबिधिकहरु गुणस्तरीय कार्य प्रति सजग र जिम्मेवार भएको देखिदैन। आयोग समक्ष भएको बयानको क्रममा ईन्जिनियर पुर्ण कुँवर, सब-ईन्जिनियरहरु भक्त राज जोशी, नरेन्द्र शाही र धन बहादुर बिष्ट तथा निर्माण व्यवसायी संतोष जोशीले प्रकृया पूरा नगरी तयार गरी गलत परीक्षण प्रतिवेदनको आधार प्रस्तुत गरेको र अन्य निकायले पनि सोही खोलाको श्रोत प्रयोग गरेको भन्ने जिकिर लिई प्रस्तुत ठेक्काहरुमा भएको गलत कार्य पनि उक्त समयमा ठीक थियो भन्ने आशय देखाइ संझौतामा उल्लेख भए वमोजिम गुणस्तरीय कार्य यकिन गर्न आवश्यक चेकजाँच गर्न/गराउन नसकेको, डिजाइनवमोजिमको मोटाईको सडक सतह (Premix Carpeting) कार्यान्वयन गराउने क्रममा सोबमोजिम गराउन नसकेको, वास्तविक नापजाँच नगरी झुठा विल भरपाई वनाई बढी भुक्तानी गरेको भन्ने देखिन्छ। प्रस्तुत निर्माण कार्यको नापी कितावमा लेखी लेखाइ पेश गर्ने, चेक गर्ने, सिफारिस गर्ने र स्वीकार गर्ने ब्यक्तिहरु भ्रष्टाचारजन्य कार्यमा प्रत्यक्ष संलग्न रहे भएको देखिदा आयोग समक्ष निजहरुले गरेको इन्कारी वयान विश्वसनीय |

देखिदैन। तसर्थ, बेस र सबबेस कोर्सको गुणस्तरहीन कार्य र प्रिमिक्स बढी मूल्याङ्कन गरी बढी भुक्तानी गर्ने कार्य गर्दा तपसिल बमोजिमको हानि नोक्सानी पुऱ्याउने कार्यमा प्रमुख प्रशासकीय अधिकृत खेम राज बिष्ट र देव राज जोशी, ईन्जिनियर पुर्ण कुँवर, सबईन्जिनियरहरु भक्त राज जोशी, नरेन्द्र शाही, धन बहादुर बिष्ट तथा निर्माण व्यवसायी संतोष जोशीको प्रत्यक्ष संलग्नता भएको पुष्टि हुने देखिने,

**बेस र सबबेस कोर्सको गुणस्तरहीन कार्यवापत पूरै र प्रिमिक्समा बढी भुक्तानी भएको रकममा संलग्न व्यक्तिहरुको विवरण देहाय बमोजिम रहेको देखिन्छ।**

जगदम्बा निर्माण सेवा ,डडेल्धुरा

| ठेक्का नं. | भुक्तानि बिल | भुक्तानि बिल | खेमराज बिष्ट | देवराज जोशी | पुर्ण कंवर | भक्त राज जोशी | नरेन्द्र शाही | धन बहादुर विष्ट | संतोष जोशी |
|---|---|---|---|---|---|---|---|---|---|
| ८-०७६-७७ | दुर संचार जाने बाटो र गुह्लेश्वरी सडक | दोस्रो बिल (गुणस्तरहिन ) | ४०१,८५०.०० | | ४०१,८५०.०० | ४०१,८५०.०० | | ४०१,८५०.०० | ४०१,८५०.०० |
| | | तेस्रो बिल (गुणस्तरहिन ) | १,४४२,०९९.०० | | १,४४२,०९९.०० | | १,४४२,०९९.०० | १,४४२,०९९.०० | १,४४२,०९९.०० |
| | | प्रिमिक्स (अन्तिमबिल ) बढी भुक्तानी | | ६७८,२२०.०० | ६७८,२२०.०० | | ६७८,२२०.०० | | ६७८,२२०.०० |
| २०-०७६-७७ | घन्टेश्वर मन्दिर जाने सडक | पहिलो बिल (गुणस्तरहिन ) | २,१७३,६५१.२० | | २,१७३,६५१.२० | २,१७३,६५१.२० | | २,१७३,६५१.२० | २,१७३,६५१.२० |
| | | प्रिमिक्स (अन्तिमबिल ) बढी भुक्तानी | १८२,९३१.०० | | १८२,९३१.०० | १८२,९३१.०० | | | १८२,९३१.०० |
| | | जम्मा | **४,२००,५३१.२०** | **६७८,२२०.००** | **४,८७८,७५१.२०** | **२,७५८,४३२.२०** | **२,१२०,३१९.००** | **४,०१७,६००.२०** | **४,८७८,७५१.२०** |

यसरी प्रतिवादीहरुले प्रिमिक्सको वास्तविक कार्य सम्पादन भन्दा बढीको भुक्तानीमा उल्लेखित ठेक्का नं. २०/०७६-७७ मा प्रिमिक्स कार्यमा भएको वास्तविक कार्य सम्पादनको आधारमा तयार हुने नापी किताबमा नभएको कार्यसमेत थप गरेको कागजातमा सही गरी सहमति जनाई नोक्सानी गराएको र बेस कोर्स र सबबेस कोर्सको गुणस्तरहीन कार्यको भुक्तानीमा ठेक्का नं. ८/०७६-७७ र २०/०७६-७७, हरुमा निजले बेस कोर्स र सबबेसकोर्सको कार्यमा गुणस्तरीयता कार्य मूल्याङ्कन गर्नु पूर्व तयार हुने नापी किताबमा सही गरी सहमति जनाई नेपाल सरकारलाई रकम हानि नोक्सानी गराउने कार्यमा प्रतिवादीहरुको संलग्नता भएको स-प्रमाण पुष्टि हुँदा हुँदै यि तथ्य र सबूद प्रमाणलाई फैसला गर्दा वेवास्ता गरी कुनै मूल्याङ्कन नै नगरी फैसला भएको देखिने,